# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पत्र संख्या ०७८/०७९
Letter No.:
चलानी नं.
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

मिति: २०७८।०७।१६

सार्वजनिक बसहरूको नयाँ भाडादर कायम गरिएको सूचना।

प्रस्तुत विषयमा यस माछापुच्छ्रे गाउँपालिका भित्रका विभिन्न रूटमा सञ्चालित सार्वजनिक बसहरूले लिने भाडाका र सञ्चालन हुने समय तालिकाका सम्बन्धमा आम सर्वसाधारण जनता र विभिन्न विद्यार्थी संगठनहरूबाट औपचारीक तथा अनौपचारीक रूपमा गाउँपालिका र वडा कार्यालयहरूमा समय समयमा जनगुनासो आइरहेको सन्दर्भमा नेपालको संविधान र अन्य संघीय तथा प्रदेश कानून अनुसार सवारी रूट तथा भाडा निर्धारण गर्ने अधिकार स्थानीय सरकारको नभएको तर स्थानीय सरकार सञ्चालन ऐनले संघ तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय सरकारले स्थानीय सार्वजनिक यातायातको रूट निर्धारण, भाडा निर्धारण र नियमन गर्न सक्ने व्यवस्था बमोजिम मिति २०७८ कार्तिक १५ गते सोमबारका दिन यस गाउँपालिका जनप्रतिनिधिहरू, पृथ्वीराजमार्ग बस सञ्चालन कम्पनीका प्रतिनिधिहरू र अन्य सरोकावालाहरूसँग भएको छलफल पश्चात् देहाय बमोजिमका निर्णयहरू गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस गाउँपालिकाबाट पोखराका विभिन्न विद्यालय तथा विश्वविद्यालयहरूमा बिहानी तथा दिवा सत्रमा अध्ययनरत विद्यार्थीहरूलाई मध्यनजर गर्दै मिति २०७८ मंसिर १ गतेबाट माछापुच्छ्रे गाउँपालिका वडा नं १ को टुसेग्राउण्डबाट घाचोक हुँदै पोखरा सम्म, वडा नं ५ को हाइड्रोबाट रिभान लाहाचोक हुँदै पोखरा, वडा नं ८ को लुम्रेबाट र अन्य वडाहरूमा विद्यार्थीहरूको संख्याका आधारमा बिहान ५ बजे पृथ्वीराजमार्ग बस सञ्चालन कम्पनीले बस सञ्चालन गर्ने र गाउँपालिकाभित्र पृथ्वीराजमार्ग बस सञ्चालन कम्पनीद्वारा सञ्चालित सार्वजनिक बसहरूले नेपाल सरकारले तोकेको ४५ प्रतिशत छुट विद्यार्थीहरूलाई सक्कल विद्यार्थी परिचयपत्रका आधारमा उपलब्ध गराउने ।

२. यातायात व्यवस्था विभागको निर्णयानुसार मिति २०७८।०३।२९ देखि लागू हुने गरी अन्तर प्रदेश रूटमा २८ प्रतिशत भाडा बृद्धि भए बमोजिम यस गाउँपालिकाको विभिन्न रूटमा सञ्चालित सार्वजनिक बसहरूले पनि २८ प्रतिशत भाडा बृद्धि गरेकोमा गण्डकी प्रदेशको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐनको दफा १८४ र दफा १८७ बमोजिमका समितिले भाडा समायोजन नगरे सम्मको लागि यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका रूटहरूमा तपसिल बमोजिमको भाडादर मिति २०७८।०७।१६ गतेदेखि लागू हुने गरी कायम गर्ने ।

क) पृथ्वीराजमार्ग बस सञ्चालन कम्पनीद्वारा माछापुच्छ्रे गाउँपालिका अन्तर्गतको पोखरा हरिचोक देखि खोराकोमूख लुम्रे रूटमा सञ्चालित सार्वजनिक बसहरूको भाडादर हरिचोक देखि लुम्रेसम्म रू ११०।- (एक सय दश रुपैयाँ) मात्र कायम गर्ने र सोही बमोजिम उक्त रूट अन्तर्गत पर्ने अन्य स्थानको समेत भाडा समायोजन गर्ने ।

ख) पृथ्वीराजमार्ग बस सञ्चालन कम्पनीद्वारा माछापुच्छ्रे गाउँपालिका अन्तर्गतको पोखरा देखि टुसेग्राउण्ड रूटमा सञ्चालित सार्वजनिक बसहरूको भाडादर हरिचोक देखि टुसेग्राउण्डसम्म रू १००।- (एक सय रुपैयाँ) मात्र कायम गर्ने र सोही बमोजिम उक्त रूट अन्तर्गत पर्ने अन्य स्थानको समेत भाडा समायोजन गर्ने ।

पूर्ण बहादुर शाही
प्रवक्ता

www.machhapuchhremun.gov.np, email: mpgaupalika@gmail.com, info@ machhapuchhremun.gov.np,

"पर्यटन, कृषि, उर्जा र पूर्वाधार : समृद्ध माछापुच्छ्रेको मूल आधार"